बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था
स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा
भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट
मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।
खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म
सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन?
- बाल विवाह
- बहु विवाह
- अनमेल विवाह
- दाईजो विवाह
- अनिच्छित विवाह
- दवाव विवाह
बिचार गर्नुन,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : ३०९ ॥ २०७८ माघ ११ गते मंगलबार (25th Jan 2022 Tuesday)    **Pratidin** National Daily    dNo-?:%÷-

# बुस्टर डोजले नियमित खोप अभियान प्रभावित




***झापा (प्रस) ।*** सरकारले कोरोनाविरुद्धको खोप पूर्ण मात्रा लगाउने लक्ष्य हासिलमा सकस देखिएको छ । चैत मसान्तसम्म सतप्रतिशत नागरिकलाई खोप लगाउने लक्ष्य लिएको सरकारले अहिलेसम्म ४२ दशमलव ७ प्रतिशत नागरिकले खोपको पूर्ण मात्रा लगाएको जनाएको छ।

पूर्ण मात्रा लगाउने अभियानलाई सार्थकता दिनुपर्नेमा अहिले धमाधम बुष्टर डोज अभियान चलाइएको छ । देशभर हालसम्म १ करोड २९ लाख ६६ हजार ३६२ नागरिकले कोरोनाविरुद्ध पूर्ण मात्रा खोप लगाएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार कूल जनसंख्या ३ करोड ३ लाख ७८ हजार ५५ नागरिकमध्ये ४२ दशमलव ७ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका हुन्।

सोमबार एक लाख १९ हजार ३७१ नागरिकले कोरोनाविरुद्ध खोप लगाएका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार १ करोड ६२ लाख ८९ हजार ४२५ नागरिकले खोपको पहिलो मात्रा लगाएका छन्।

त्यस्तै एक लाख ६८ हजार ९३९ नागरिकले बुष्टर डोज लगाएका छन्। नेपाललाई ४ करोड ३ लाख ८८ हजार ८४० मात्रा खोप प्राप्त भएको थियो। जसमध्ये अहिलेसम्म २ करोड ९४ लाख २४ हजार ७५६ मात्रा लगाइएको छ।

# ओमिक्रोनबाट झापामा एकैदिन दुईजनाको मृत्यु



***झापा (प्रस) ।*** रेडजोनमा परेको झापामा ओमिक्रोन भाइरसबाट सोमबार एकैदिन दुईजनाको मृत्यु भएको छ । बिर्तासिटी हस्पिटलमा दुवै संक्रमितको मृत्यु भएको हो । मृतक दुवै पुरुष हुन् । बिर्तामोड नगरपालिका वडा नं २ का ४५ वर्षिय पुरुषको उपचारका क्रममा मृत्यु भएको हो भने सोही हस्पिटलमा इलाम सन्दकपुरका ४६ वर्षिय पुरुषको पनि मृत्यु भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । तेस्रो लहरको कोरोना संक्रमण शुरु भएयता झापामा ओमिक्रोन भाइरसबाट योसहित पाँचजनाको मृत्यु भइसकेको छ । हालसम्म कोरोना संक्रमणबाट झापामा मृत्यु हुनेको संख्या ६६१ पुगेको छ । यसैबीच झापामा सोमबार एकैदिन २२४ जना संक्रमित थपिएका छन् । मेची र कोटीहोम ल्याबमा २४७ जनालाई परीक्षण गर्दा १५९ जनालाई संक्रमण पुष्टि भएको छ भने एन्टीजेन विधिबाट ६५ जना नयाँ संक्रमित थपिएका छन् । जिल्लामा हाल ७१६ महिला र ८३७ पुरुष गरी १५५३ जना सक्रिय संक्रमित रहेका छन् । त्यसमध्ये २१ जना अस्पतालमा भर्ना भएको स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बताए ।

यसैबीच प्रदेश १ मा पछिल्लो २४ घण्टामा १ हजार २८३ जनामा कोरोना संक्रमण भएको छ ।

१ हजार ४९२ जनाको पीसीआर परीक्षण गर्दा ८४६ र ९८२ जनाको एन्टिजेन परीक्षण गर्दा ४३७ जनामा कोरोना संक्रमण पुष्टि भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा मोरङमा ३६७, सुनसरीमा २४२, धनकुटामा ७, उदयपुरमा ६, इलाममा ४, खोटाङमा ३, ताप्लेजुङ, तेह्रथुम, संखुवासभा र भोजपुरमा १-१ र प्रदेश १ बाहिरका ४५ जनामा संक्रमण देखिएको हो ।

मोरङको विराटनगरमा २७६, बेलबारीमा ३६, सुन्दरहरैचामा १४, बुढीगंगामा १०, कटहरी, उर्लाबारी र स्थानीय तह नखुलेका ५-५, ग्रामथान र पथरीशनिश्चरेमा ४-४, कानेपोखरीमा ३, रतुवामाईमा २, धनपालथान, जहदा र रंगेलीमा १-१, सुनसरीको धरानमा १२१, इटहरीमा ७६, रामधुनीमा ९, इनरुवा र वराहक्षेत्रमा ७-७, दुहबी, हरिनगर र स्थानीय तह नखुलेका ४-४, गढीमा ३, भोक्राहानरसिंह, बर्जू र कोशी गाउँपालिकामा २-२, देवानगञ्जमा १, धनकुटाको धनकुटा नगरपालिकामा ५, चौबिसे र महालक्ष्मीमा १-१, उदयपुरको त्रियुगामा ४, बेलका र उदयपुरगढीमा १-१, इलामको इलाम नगरपालिकामा २, सूर्योदय र चुलाचुलीमा १-१, खोटाङको खोटेहाङ, दिक्तेल रुपाकोट मझुवागढी र स्थानीय तह नखुलेका १-१, ताप्लेजुङ, तेह्रथुमको म्याङ्लुङ, संखुवासभाको मादी र भोजपुरको भोजपुर नगरपालिका १-१ र प्रदेश १ बाहिरका ४५ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा सोमबार २४३ जना कोरोना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा १०७ महिला र १३६ पुरुष रहेका छन् । पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट ३ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा २ पुरुष र एक महिला छन् । सक्रिय संक्रमितको संख्या ६ हजार ४५४ रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

हार्दिक बधाई
तथा शुभकामना

डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट हाम्रा अति मिलनसार मित्रहरू सडकलाल राजवंशी अध्यक्ष र विपिन रेग्मी सचिव पदमा निर्वाचित हुनुभएकोमा उहाँहरूसहित सिंगो टीमलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछुं ।
अजित ढुंगाना
संचालक/इन्जिनियर
मेरिडियन कन्स्ट्रक्सन प्रालि
बिर्तामोड , झापा

# युनिकमद्वारा कर्मचारीलाई नेतृत्व विकास तालिम

***बिर्तामोड (प्रस) ।*** नेपाल व्यापार कर्मचारी संघ (युनिकम) बिर्तामोड नगर समितिले नेतृत्व विकासका लागि एकदिने तालिम प्रदान गरेको छ । युनिकमले बिर्तामोड क्षेत्रभित्र रहेर निजी क्षेत्रमा काम गर्ने कर्मचारीलाई सोमवार नेतृत्व विकाससम्बन्धी तालिम प्रदान गरेको हो ।

तालिमको उद्घाटन उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का प्रवक्ता कुमार भट्टराईले गरेका थिए । उनले यस प्रकारको तालिमले मानिसको व्यक्तिगत र सामाजिक विकासमा सहयोग पुग्ने बिश्वास व्यक्त गरे । त्यस्तै, संघका केन्द्रीय अध्यक्ष गजेन्द्र पौडेलले व्यापार क्षेत्रमा काम गर्ने कामदारलाई घरेलु कामदारको रुपमा हेरिने गरेकोमा त्यसमा परिवर्तन आएको बताए । 'युनिकमले व्यापारिक क्षेत्रमा गरिने कामलाई स्मार्ट जब बनाउने अभियान चलाइरहेको छ', उनले भने, 'राम्रो अवसरको खोजीमा यताउता धाउनुभन्दा आफूलाई राम्रो बनाएर सोही काममा अवसर सिर्जना गर्नुपर्छ ।' कार्यक्रममा यूएनआइ नेपालका अध्यक्ष शंकर लामिछाने र नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरीले कार्यक्रम सफलताको शुभकामना दिएका थिए ।

तालिमका सहभागीलाई यूएनआईका एप्रो प्यासिफिकका प्रोग्राम को-अर्डिनेटर तिलकजंग खड्का (कल्याण)ले प्रशिक्षण दिएका थिए ।

नेतृत्व विकासका बारेमा पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई र संघका केन्द्रीय अध्यक्ष गजेन्द्र पौडेलले समेत प्रशिक्षण दिएका थिए ।

युनिकम बिर्तामोड अध्यक्ष कविन्द्र रिजालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन युनिकम नेपालका सागर रिजालले गरेका थिए भने स्वागत सहभागीका तर्फबाट गंगा भट्टराईले गरेकी थिइन् ।

BAJAJ

BAJAJ
UPGRADE
फाइदा MORE, TENSION NO MORE
यही २०७८ माघ ९ देखि १३ गतेसम्म
कुनैपनि मोटरसाइकलको प्रचलित बजार VALUATION भन्दा रु.१०,०००* थप
0% INTEREST ON 50% DOWNPAYMENT*
साथै प्रत्येक नयाँ BAJAJ मोटरसाइकलको खरिदमा पाउनुहोस्
RS. 8000 CASH DISCOUNT*
FREE ACCESSORIES*
*CONDITIONS APPLY
GOLCHHA GROUP 100 YEARS OF TRUST
SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 5330001/5368088
url: nepal.globalbajaj.com/en
/HHBajaj
/BajajNepal
/Company/Golchhagroup
MECHI AUTO MOBILE
Surunga , ☎ 23550551, 9804971034, 9814912032

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## १ नं. प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः श्री गणेश मादेन को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री झुमा कार्कीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | ११९०<br>१६० | १५७२ | १८६.२४ | २०७८/०९/०७ | २०७८/०९/१९ | २०७८/१०/०६ |

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

प्रदेश नं. १ झापा जिल्ला, बाह्रदशी गा.पा. वार्ड नं.- १ मा बस्ने शंकर साहको नातीनी, काशिनाथ साहको छोरी, उमाशंकर साह तेलीको पत्नी तथा सुभिहार साहको बुहारी दुर्गावती साह तेलीको मिति २०७८/०१/२० गते मृत्यु भएकोले निजका नाममा यस बैंकको शाखा कार्यालय राजगढमा रहेको खाता नं. ०१५०१२००१३३९०९००००१ संग सम्बन्धित सम्मपुर्ण खाताहरुमा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँभनी मृतकको छोरा लौकुस साहले मिति २०७८/०९/११ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्तनिक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्तम्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचनाद्धारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ । १०

शखा कार्यालय,राजगढ
फोन नं.०२३-६२ ००४४ , ९८०२३१२३१५

# जेसीज भवनको नयाँ तलाको उद्‌घाटन



*भद्रपुर (प्रस)* । भद्रपुरस्थित विनेश स्मृति जेसीज सचिवालय भवनको नवनिर्मित पहिलो तलाको उद्घाटन गरिएको छ ।

भद्रपुर जेसीजका अध्यक्ष खिलनाथ पाण्डे 'निकास'को अध्यक्षता एवं भद्रपुर नगरपालिका नगर प्रमुख तथा मानार्थ सदस्य जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा भद्रपुर - ८ सुकिर्तिनगरको जेसीज सचिवालय भवनको थप तलाको उद्घाटन गरिएको हो ।

भद्रपुर नगरपालिकाबाट प्राप्त १० लाख, भद्रपुर जेसीज उपभोक्ता समितिबाट २ लाख र बिभिन्न व्यक्ति तथा संस्थाको सहयोग समेत गरी १५ लाख रूपैयाँमा तला थप गरिएको भद्रपुर जेसीजका कोषाध्यक्ष युवराज न्यौपानेले जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठसहित उपप्रमुख चन्द्रमाया श्रेष्ठ, भद्रपुर जेसीजका पूर्व अध्यक्षहरू लोकनाथ भट्टराई ,अभिषेक ढुङ्गाना, प्रकाश भण्डारी र भद्रपुर ७ का वडाध्यक्ष विनोदप्रसाद पोखरेलले शुभकामना मन्तव्य राखेका थिए । भद्रपुर जेसीजका महासचिव मनोज भट्टराईले संचालन गरेको कार्यक्रममा निर्माण संयोजक भद्रपुर जेसीजका कानुनी सल्लाहकार टिकाराम पाण्डेले धन्यवाद ज्ञापन गरेका थिए ।

### स्थापना...

हिमा पौड्यालले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेकी थिइन् । कार्यक्रममा वीरता लेडी जेसीजका निवर्तमान अध्यक्ष स्वस्तिका आचार्य, पूर्व अध्यक्ष तथा संस्थापक सदस्यहरु राधा सुव्वा, कञ्चना ढकाल सिटौला, सरु भूर्तेल खनाल, गीता खनाल, वीरता जेसीजका पूर्व अध्यक्ष शिवकुमार अग्रवाललगायतले वीरता लेडी जेसीजले स्थापना दिवसको अवसर पारेर पहिलो पटक संस्थापक सदस्यहरुलाई सम्मान गरेको भन्दै अध्यक्ष चिमरियालगायत सन् २०२२ को कार्यसमितिको प्रशंसा गरेका थिए । कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव युनिता दवाडीले गरेकी थिइन् ।

# कर्जा चुक्ता गर्ने बारेको जरुरी सूचना

यस संस्थाको बिभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले समूह तथा धितो लगानीमा व्यवसायीक कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्थासँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु/बुझाउनु पर्नेमा नतिरी/नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तारतागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हालसम्म पनि ऋणको साँवा, ब्याज तथा हर्जना नबुझाएको हुँदा यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको ३५ पैतिस) दिनभित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो भन्दा अघिल्लो दिनसम्मको लाग्ने ब्याज रहर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न/गराउनुहुन तपाई ऋणी सदस्य तथा साक्षी र जमानीकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी यस संस्थासँग गरेको लिखत र तमसुक बमोजिम ऋणी तथा ऋणीको एका संगोलमा रहेका सदस्यहरुको स्थानियस्तरबाट पाइने सेवा/सुबिधाबाट वञ्चित गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, ऋणी तथा जमानीकर्ताको तीन पुस्ते विवरण सहकारी कर्जा सूचना केन्द्रको कालोसूची सम्बन्धी निर्देशा बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्ने साथै धितो दिएको जग्गा लिलामी प्रक्रियाबाट असुल उपर गर्ने जस्ता कारवाही गरी लेना रकम असुल गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

*प्रकाशित मिति : २०७८/१०/१० गते*

| क्र.सं. | ऋणीको नाम | ठेगाना | ना.प्र.नं. | ऋण लिएको मिति | जग्गाधनीको विवरण | धितो रहेको जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ऋणी- कौशिला लिम्बु<br>बाबु- नन्दबहादुर लिम्बु<br>पति- शेरबहादुर लिम्बु | झापा गा.पा.- ३ | ०४-०१-७३-०८८८८ झापा | १८-०७-२०७५ | ज.ध-शेरबहादुर लिम्बु<br>बाबु-भिमराज लिम्बु<br>बाजे-दलबहादुर लिम्बु | टागनडुब्वा-८ | ६९० | ६७७.२६ | शरणामती |
| २. | ऋणी- भावना लिम्बु ओली<br>बाबु- हिमलाल ओली<br>पति- प्रकाश लिम्बु | झापा गा.पा.- ३ | ०४-०१-६९-०७३३१ झापा | ०३-०९-२०७५ | ज.ध.-प्रकाश लिम्बु<br>बाबु-भिमराज लिम्बु<br>बाजे-दल बहादु, लिम्बु<br>ज.ध.-भावना लिम्बु ओली<br>बाबु-हिमलाल ओली<br>पति-प्रकाश लिम्बु<br>ज.ध.-जितकुमारी लिम्बु<br>बाबु-धन कुमार लिम्बु<br>पति-भिमराज लिम्बु | टागनडुब्वा-८<br>टागनडुब्वा-८<br>टागनडुब्वा -८<br>टागनडुब्वा -८ | ६३३<br>६९१<br>६३५<br>२०३ | ६७७.२६<br>२५३.९५<br>३३८.६३<br>६७७.२६ | शरणामती |
| ३. | ऋणी- महेन्द्र कटुवाल<br>बाबु- निरबहादुर कटुवाल<br>बाजे- झप्टी मान कटुवाल | दमक न.पा.- ९ | २३११२३६३ झापा | ०३-११-२०७४ | ज.ध.-झप्टी मान कटुवाल<br>बाबु-नवराज<br>बाजे-इन्द्रविर<br>ज.ध.-पन्नादेवी कटुवाल<br>बाबु-भगीवत अधिकारी<br>पति-झप्टी मान कटुवाल | तोपगाछी-२<br>तोपगाछी-२ | ४२८८<br>३५३९ | ०-१२-०<br>०-५-१० | दमक |
| ४. | ऋणी- कोपिला खरेल<br>बाबु- गणेशप्रसाद खरेल<br>पति- उद्धिमप्रसाद प्रसाई | कमल गा.पा.- ६ | २४७२/१५६झापा | १०-०५-२०७५ | ज.ध.-कोपिला खरेल प्रसाई<br>बाबु-गणेशप्रसाद खरेल<br>पति-उदिमप्रसाद प्रसाई | मधुमल्ला-६ ख | २९५१<br>२९५३ | ०-०-१४<br>०-०-६ | लखनपुर |
| ५. | ऋणी- महगीकुमारी महतो<br>बाबु- बजुलाल शाह<br>पति- अमृतलाल महतो | गौरिगञ्ज गा.पा.-९ | ०४३०५०/१०८१ झापा | ०१-०१-२०७३ | ज.ध.अमृतलाल महतो<br>बाबु-नन्द लाल महतो<br>बाजे-जीतु | खजुरगाछी-३ | १२०७ | १२६५.९२ | जुरोपानी |
| ६. | ऋणी- बललाल ताजपुरिया<br>बाबु- उपासु ताजपुरिया<br>बाजे- बिटना ताजपुरिया | बाह्रदशी गा.पा.-४ | १८२४/४७०झापा | ०८-०५-२०७४ | ज.ध.-बललाल ताजपुरिया<br>बाबु-उपासु ताजपुरिया<br>बाजे-बिटना ताजपुरिया | चकचकी- ८<br>चकचकी -९ | ३६८<br>७०५<br>७०७<br>७०९<br>२४ | २७९३.७८<br>२६८७.९५<br>३७६.७४<br>६०१.०९<br>२०३१.८४ | राजगड |
| ७. | ऋणी- असगर मिया<br>बाबु- तमिज मिया<br>बाजे- फौजली मिया | बाह्रदशी गा.पा.-४ | १२२४१७५६ झापा | २९-०५-२०७३ | ज.ध.-असगर मिया<br>बाबु-तमिज मिया<br>बाजे-फौजली मिया | चकचकी-८ | १०६० | १०१५.९२ | राजगढ |
| ८. | ऋणी- ललीताकुमारी अघोरी<br>बाबु- लक्ष्मी अघोरी<br>पति- रन्जित राय | बाह्रदशी गा.पा.-४ | ०४३०२१/१३४४ झापा | २४-०५-२०७५ | ज.ध.-ललिताकुमारी अघोरी<br>बाबु-लक्ष्मी अघोरी<br>पति-रञ्जित राय | चकचकी -२<br>भद्रपुर न.पा.-३<br>भद्रपुर न.पा -३ | २७<br>७४<br>७५ | ७६८.१०<br>११५.५१<br>३.०० | राजगढ |
| ९. | ऋणी- कुलदेब राजबंशी<br>बाबु- मोहन सिंह राजबंशी<br>बाजे- बन्धलाल राजबंशी | बाह्रदशी गा.पा.-५ | १८२४४११९झापा | १९-०६-२०७५ | ज.ध.-कुलदेब राजबंशी<br>बाबु-मोहन सिंह राजबंशी<br>बाजे-बन्धलाल राजबंशी<br>ज.ध.-मेघसरी राजबंशी<br>बाबु-नाती राजबंशी<br>पति-मोहन सिंह राजबंशी<br>ज.ध.-बाशुदेब राजबंशी<br>बाबु-मोहन सिंह राजबंशी<br>बाजे-बन्धुलाल राजबंशी | चकचकी-४<br>चकचकी-४<br>चकचकी-४ | १७७<br>९१७<br>९२९ | ८४६.५६<br>४२३.२८<br>१७७७.८० | राजगढ |
| १०. | ऋणी- वकिला मियानी<br>बाबु- सैदुल मिया<br>पति- इसराईल मिया | कचनकवल गा.पा.-३ | ४५९३१७५३ झापा | ०४-११-२०७३ | ज.ध.-वकिला मियानी<br>बाबु-सैदुल मिया<br>पति-इसराईल मिया<br>ज.ध.-इसराईल मिया<br>बाबु-बाहाराम<br>बाजे-हाजीहासम | केचना-३<br>पथरिया-४ | १०२१<br>४२७<br>५८८<br>२६७ | ६९७.४४<br>८०।००<br>१७०।००<br>३२०।०० | पथरिया |
| ११. | ऋणी- बिष्णुकुमार राई<br>बाबु- कमलबहादुर राई<br>बाजे- जसबहादुर | साविक लखनपुर गा.वि.स.-५ | १००६९ झापा | २४-०६-२०७१ | ऋणी-बिष्णुकुमार राई<br>बाबु-कमलबहादुर राई<br>बाजे-जसबहादुर | गरामनी-७ | २४९८<br>२४९९ | ३३८.६४<br>१०८३.६५ | बिर्तामोड |

## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि, बिर्तामोड-४, झापा


## हार्दिक बधाई तथा शुभकामना



डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट हाम्रा अति मिलनसार मित्रहरू सडकलाल राजवंशी अध्यक्ष र विपिन रेग्मी सचिव पदमा निर्वाचित हुनुभएकोमा उहाँहरूसहित सिंगो टीमलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछुं ।

**प्रबास थापा मगर**
सदस्य
**युथ इन्जिनियर्स मेची परिवार**

## हार्दिक कृतज्ञता सहित धन्यवाद्




डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन) को १६ औं झापा जिल्ला अधिवेशनबाट अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित गराउनुहुने सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै मलाई सामाजिक संजालमार्फत , फोन गरेर,भेटेर वा पत्रपत्रिकामार्फत बधाई तथा शुभकामना दिनुहुने मेरा साथीभाइ , शुभचिन्तक,ईष्टमित्रहरुमा हार्दिक आभार प्रकट गर्दै कृतज्ञतासहित धन्यवाद व्यक्त गर्दछु ।

**सडकलाल राजवंशी**
नवनिर्वाचित अध्यक्ष
डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल (डिन), झापा

## हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रूफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।





नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शीतलहरको प्रभाव

हिमपात र शीतलहरले कमजोर तथा विपन्न परिवारमाथि निर्ममतापूर्वक आक्रमण गरिरहेको छ । पश्चिमी वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली भई वर्षा, हिमपात, हुस्सु, कुहिरो र शीतलहरले चिसो बढाएको छ । माघ लागेदेखि तराई–मधेशमा घाम लागेको छैन । पानीजस्तै शीतलहर छ । बाक्लो हुस्सु र चिसो हावाले मुटु नै हल्लाइरहेको छ । एक जोर न्यानो लुगा नभएर तथा नपाएर गरिब, विपन्न, असहायहरू परालकै सहारामा छन् । पराल, कोइला, दाउरा बालेर आगो ताप्ने, बस्ने तथा पराल नै ओढेर बाँचिरहेका छन् । उनीहरू वास्तवमा ढुंगेयुगको झल्को दिने दयनीय जीवन जिइरहेका छन् । देशकै सर्वाधिक जनघनत्व बोकेको तराईक्षेत्र जहाँ प्रतिव्यक्ति आय कम भएका बढी छन्, त्यहाँका मानिसको घर, लुगाफाटा र चालचलन गर्मीसँग जुध्ने खालको छ । त्यस्तै विगतका केही दशकमा तराई केन्द्रित पर्यावरणीय समस्या देखापरेका छन् । जब चिसो र शीतलहर सुरु हुन्छ, तब हुने र नहुने, धनी र गरिब, कमजोर र बलियो व्यक्ति स्पष्ट देखिन थाल्दछ । बर्सेनि तराईमा बाक्लो हुस्सु र शीतलहर फेरि आइपुगेको छ । विभिन्न तहका सरकारको कर्मकाण्ड सुरु भइरहेछ, उही दाउरा, कम्मल र खाद्यान्न बाँड्ने । तथापि अचानक आइपर्ने विपद् नभए पनि प्रभावितको अवस्था ज्यँुका त्यँु छ । सरकारको तयारी देखावटी भएरै होला, जाडोले सबैलाई प्रभावित गरे पनि असर वर्गअनुसार फरक पर्दछ । जोगिन कोही घुर त कोही गिजर, हिटर प्रयोग गर्छन् । खानपानमा कोही महँगो रक्सी र धुम्रपान त्यस्तै बिक्रेता पनि थरीथरीका र क्रेता पनि कोही महलमा त कोही दानमा निर्भर । कमजोर तथा विपन्न परिवारमाथि शत्रुपक्षले जस्तो आक्रमण गर्छ, विपन्नको विपन्नता उजागर गर्छ । जति बढी गरिब, त्यति बढी असर । तसर्थ, शीतलहरमा मृत्युको प्रमुख कारण गरिबी नै हो ।

जिम्मेवारी र कर्तब्यबोध नभएका कारण पर्याप्त बजेट, साधनस्रोत भए पनि स्थानीय र प्रदेश सरकार केन्द्र सरकारकै मुख ताकिरहेका छन् । निर्वाचनका बेला गाँस, बास र कपासको नारा दिएर भोट बटुल्ने सबै तहका नेता पनि पीडाप्रति बेखबर छन् । लक्षित कार्यक्रम बग्रेल्ति भए पनि कागजमै सीमित छन् । गरिबका नारा दिनेहरू सबै सधैं धनी बनिरहे पनि चिसो र शीत लहरबाट नागरिक जोगाउन र नागरिकलाई ढुंगेयुगबाट उद्धार गर्न उत्प्रेरित होऔं ।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# गठबन्धन वा प्रतिगमन !



• मोहनविक्रम सिंह

आज देश गम्भीर मोडमा उभिएको छ । या त गठबन्धन सफलतापूर्वक अगाडि बढ्नेछ वा देश प्रतिगमनतिर जानेछ । ती दुईभन्दा तेस्रो कुनै विकल्प छैन । पाँचदलीय गठबन्धनमा कति धेरै शक्ति छ व्यवहारले त्यो कुरा प्रस्ट गर्दै लगेको छ । यो गठबन्धनको भूमिकाका कारणले नै थियो की संसदलाई विघटन गर्ने ओलीका २-२ पल्टका दुष्प्रयासहरू असफल भए । ओलीको सरकार अपदस्थ भयो । एमालेका प्रदेश सरकारहरू ढल्दै गए । राष्ट्रिय सभाको चुनावमा ओलीले पहिले नै आफ्नो पराजय स्वीकार गरेका छन् । यो प्रस्ट छ कि गठबन्धन यही प्रकारले अगाडि बढ्दै गएमा आगामी दिनहरूमा पनि प्रतिगमन लगातार पराजित हुँदै जानेछ । त्यो कुरा प्रतिगामी शक्तिहरूले पनि राम्ररी बुझेका छन् । त्यसैले अहिले उनीहरूको मुख्य जोड पाँचदलीय गठबन्धनलाई समाप्त गर्नेतर्फ नै छ । अहिले देशको राजनीति स्पष्ट रूपले दुई कित्तामा बाँडिएको छ । एकातिर, गठबन्धन र अर्कोतिर, प्रतिगमन । सबै प्रतिगामी शक्तिहरूले गठबन्धनमाथि चौतर्फी रूपले हमला गरिरहेका छन् । उनीहरूले त्यसो गर्नु स्वाभाविक पनि छ । किनभने गठबन्धन कायम रहन्छ वा त्यसको विघटन हुन्छ ? त्यसमाथि नै उनीहरूको भविष्य निर्भर छ । यो कुरा प्रस्ट छ कि गठबन्धनमाथि सर्वप्रथम र मुख्य प्रहार ओलीका तर्फबाट नै भइरहेको छ । राजावादीहरू पनि पूरै नै गठबन्धनका विरुद्ध छन् । उनीहरूले यो आशा गरिरहेका छन् कि अब ओलीद्वारा नै उनीहरूको प्रतिगामी उद्देश्य पूरा हुने छ । उनीहरूको उद्देश्यको मार्गमा गठबन्धन नै सबैभन्दा ठुलो बाधा भएर उभिएको छ । त्यसैले उनीहरूले पनि गठबन्धनमाथि हमला गरेर ओलीलाई मद्दत पुर्‍याउने प्रयत्न गरिरहेका छन् । कतिपय वामपन्थी शक्तिहरूद्वारा पनि गठबन्धनको विरोध हुने गरेको पाइन्छ । त्यसका पछाडि मुख्य रूपले एउटा कारणले काम गरेको पाइन्छ । उनीहरूले बहुदलीय व्यवस्था, गणतन्त्र दुवैलाई प्रतिक्रियावादी ठान्छन् । त्यसैले, तिनीहरूमाथि प्रतिक्रियावादी दिशाबाट भइरहेको हमलाले उनीहरूका लागि कुनै अर्थ र महत्व राख्दैन । त्यसकारण प्रतिगमन विरुद्धको संघर्षमा गठबन्धनको जुन अर्थ र महत्व छ, त्यसलाई उनीहरूले बुझ्न सक्दैनन् । त्यसको परिणाम यो हुन्छ कि उनीहरूले पनि गठबन्धनमाथि हमला गरेर प्रतिगमनको पक्षमा जनमत तयार पार्न प्रत्यक्ष वा अप्रत्यक्ष प्रकारले मद्दत पुर्‍याउने गर्दछन् ।कुनै चिजलाई समग्र रूपमा नबुझेर टुक्रा टुकाहरूलाई हेरेर प्रतिक्रिया दिने सोचाइहरू जनतामा आम रूपमा पाइन्छन् । त्यसरी पनि जनताले गठबन्धनको कैयौँ प्रकारले आलोचना गरेको पनि देखिन्छ । ओलीका प्रतिगामी कदमहरूको विरुद्धको संघर्षमा हामीले कतिपय राजनीतिक सङ्गठनहरूसित एकता वा सहकार्य गरेका छौँ । त्यस प्रकारको एकताबिना प्रतिगमनलाई पराजित गर्नु सम्भव नै हुने थिएन । अहिले प्रतिगमनका विरुद्ध एकता वा सहकार्य गरेका कैयौँ पक्षहरूसित गतकालमा र अहिले पनि हाम्रा कैयौँ प्रकारका मतभेद थिए र अहिले पनि छन् । त्यस्ता शक्तिहरु, खास गरेर नेकासित गठबन्धन गरेर त्यसलाई सरकारमा पुर्‍याउने काम किन गरेको ? त्यो कोणबाट पनि गठबन्धनप्रतिको हाम्रो नीतिको आलोचना हुने गरेको छ । ओलीद्वारा व्यापक रूपमा यो प्रचार गर्ने गरिएको छ कि हामीले केन्द्र वा प्रदेशमा वामपन्थी सरकारहरूलाई हटाएर कांग्रेसपक्षीय सरकारहरूको गठनमा मद्धत गर्ने गरेका छौँ । त्यस प्रकारको प्रचारको जनता र स्वयम हाम्रा समर्थकहरूमा पनि केही न केही असर पर्ने गरेको छ । गठबन्धन सरकारले सन्तोषजनक प्रकारले काम गर्न सकिरहेको छैन । त्यो कारणले पनि गठबन्धनप्रति केही न केही असन्तोष देखापर्ने गरेको छ । निश्चय नै त्यस प्रकारका सोचाइहरू आफ्नो ठाउँमा सही छन् । तर त्यस प्रकारको सोचाइहरूको कमजोरी यो हो कि उनीहरूले चिजहरूलाई सही राजनीतिक प्रकारले वा द्वन्द्वात्मक प्रकारले हेर्न सकिरहेका हुन्नन् ।

राजनीतिमा वा व्यवहारिक जीवनमा पनि सधैँ एकतर्फी रूपमा विरोध वा संघर्ष मात्र हुँदैन । कसैसितको एकता विरोधमा र विरोध एकतामा बदलिने काम प्रायः भइरहन्छ । गाउँघरमा वा व्यवहारिक जीवनमा हेर्ने हो भने त्यस्ता कार्यहरू प्रायः धेरै नै हुने गर्दछन् । राजनीतिमा त आवश्यकता अनुसार त्यस्ता कुराहरू धेरै नै हुने गर्दछन् । कुनै बेला आपसमा युद्ध गरिरहेका राष्ट्रहरूले आपसमा सम्झौता र मेलमिलाप गर्दछन् । एकअर्का विरुद्ध संघर्ष गरिरहेका राजनीतिक शक्तिहरूले आपसमा एकता गर्छन् वा संयुक्त मोर्चा बनाएर सँगसँगै अगाडि बढ्छन् । त्यसरी एकता वा संघर्ष गर्ने बेलामा पुराना विरोधहरूमाथि एकतर्फी रूपले विचार गर्ने हो भने एकपल्ट आपसमा विरोध भएका राजनीतिक शक्तिहरूका बिचमा कहिल्यै पनि एकता वा सहकार्य सम्भव नै हुँदैन ।

मार्क्सवादी लेनिनवादी सिद्धान्तले पनि त्यसबारे स्पष्ट धारणा राख्दछ । माओले भने अनुसार आवश्यकता अनुसार मित्र शक्तिहरूका बीचमा पनि कैयौँपल्ट विरोध र संघर्ष गर्नुपर्ने आवश्यकता हुन्छ भने कैयौँपल्ट दुश्मन शक्तिहरूका बीचमा पनि कार्यगत एकता वा संयुक्त मोर्चा बनाएर काम गर्नुपर्ने आवश्यकता हुन्छ । त्यही द्वन्द्ववाद हो । त्यसको विपरीत अधिभूतवादले सधैँ कसैसित एकतर्फी रूपमा विरोध वा एकतामा जोड दिन्छ । त्यस प्रकारको सोचाइ व्यवहारिक पनि हुन्न । त्यही प्रकारको द्वन्द्वात्मक वा व्यवहारिक सोचाइ अनुसार नै कतिपय पल्ट एकता भएका पक्षहरूसित पनि संघर्ष गर्नुपर्ने वा संघर्ष भएका पक्षहरूसित पनि एकता गर्नुपर्ने आवश्यकता हुन्छ । हामीले गतकालमा कैयौँपल्ट त्यही प्रकारका नीति अपनाउँदै आएका छौँ र अहिले गठबन्धनको सन्दर्भमा पनि त्यही प्रकारको नीति अपनाएका छौँ । कुनै बेला कोसित एकता वा संघर्षको नीति अपनाउने ? त्यो कुरा कुनै खास बेलाको वस्तुस्थिति र राजनीतिक आवश्यकता अनुसार निर्धारित हुन्छ वा निर्धारित गर्नुपर्दछ । २०४६ साल वा २०६२ / ०६३ सालमा त्यो बेलाको राजनीतिक आवश्यकता अनुसार हामीले तीव्र राजनीतिक विरोधहरू भएका कैयौँ राजनीतिक शक्तिसित पनि कार्यगत एकता वा सहकार्य गरेका थियौँ । त्यही प्रकारले अहिले पनि देशमा देखापरेको गम्भीर प्रकारको प्रतिगमनको खतरामाथि ध्यान दिँदै गतकालमा तीव्र मतभेद वा विरोध भएका कैयौँ राजनीतिक शक्तिहरूसित मिलेर हामीले गठबन्धनको निर्माण गरेका छौँ ।

प्रश्न यो मात्र होइन कि गठबन्धनका विरुद्ध कैयौँ विरोधी शक्तिहरूले हमला गरिरहेका छन् । त्यसका साथै स्वयम् गठबन्धनका भित्रबाट पनि त्यसलाई विघटन गर्नका लागि प्रयत्नहरू भइरहेका छन् । अहिलेको राजनीतिक आवश्यकता यो हो कि आगामी निर्वाचनसम्म वा आवश्यकता अनुसार त्यो भन्दा अगाडि पनि गठबन्धनलाई निरन्तरता दिनुपर्दछ । खास गरेर आगामी निर्वाचनसम्म त्यसलाई निरन्तरता दिनु अहिलेको राष्ट्रिय राजनीतिक आवश्यकता हो । तर विषयवस्तुको त्यो गम्भीरतामाथि ध्यान दिन नसकेर स्वयम् गठबन्धनभित्रका कतिपय पक्षहरूद्वारा पनि गठबन्धनलाई आँच पुर्‍याउने काम भइरहेको देखिन्छ । खास गरेर नेकाका कतिपय केन्द्रीय नेताहरूले नै गठबन्धनका विरुद्ध आवाज उठाउन थालेको देखिन्छ । नेकाका कतिपय केन्द्रीय नेताले आगामी आम चुनावमा गठबन्धनबाट अलग भएर बेग्लै चुनाव लड्नुपर्छ भन्ने विचार सार्वजनिक रूपले नै बाहिर ल्याएका छन् । कतिपय जिल्लाहरूमा, उदाहरणका लागि प्यूठानमा, पाँचदलीय गठबन्धन भन्दा बेग्लै नेकाले एमालेसित साठगाँठ गर्ने काम गरिरहेको छ । अन्य जिल्लाहरूमा पनि त्यस्तो भएको छ वा छैन ? त्यसबारे आधिकारिक रूपमा केही थाहा हुन सकेको छैन । तर नेकाका कतिपय केन्द्रीय नेताहरूले नै त्यस प्रकारका विचार प्रकट गरेको हुनाले नेकाभित्रको एउटा ठूलो पङ्क्तिले गठबन्धनलाई छाडेर चुनावमा बेग्लै जाने दिशातर्फ सोचिरहेको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । सायद त्यस प्रकारको सोचाइका पछाडि देशको राष्ट्रिय आवश्यकतालाई भन्दा व्यक्तिगत स्वार्थलाई माथि राखेर सोच्ने प्रवृत्तिले नै काम गरेको हुन सक्दछ । कांग्रेसका कतिपय नेताहरूलाई सायद यो डरले सताइरहेको हुन सक्दछ कि गठबन्धनसित मिलेर गएमा उनीहरूले कैयौँ सिटहरू छाड्नुपर्ने छ, तर बेग्लै भएर चुनाव लडेमा सबै वा अधिकतर सिटहरूमा उम्मेदवारहरू दिन सकिने छ ।

गठबन्धनले मिलेर चुनाव लडेमा सामान्यतः गठबन्धनका जुन पक्षले जुन ठाउँमा जितेको छ, त्यो सिट उसैलाई छाड्नुपर्ने छ र एमालेले जितेका सिटहरूको नै आपसमा बाँडफाँड हुने छ । राष्ट्रिय सभाको चुनावमा त्यही प्रकारले सिटहरूको बाँडफोड गरियो । आगामी स्थानीय वा प्रतिनिधि सभाको चुनावमा पनि त्यही प्रकारको नीति अपनाउने सम्भावना छ । त्यसो भएमा कांग्रेसको भागमा अपेक्षाकृत कम सिटहरू पर्ने छन् । त्यो सोचेर नै कांग्रेसको एउटा पङ्क्तिमा गठबन्धनबाट बेग्लै भएर चुनाव लड्ने विचार बढ्दै गएको हुन सक्दछ । तर त्यसरी सोच्ने बेलामा उनीहरूले यो कुराप्रति कम ध्यान दिएको पाइन्छ कि त्यसरी चुनाव लड्दा प्रतिगमनको विजयका लागि नै मार्ग प्रशस्त हुने छ र त्यो क्रममा गठबन्धनका अन्य पक्षहरूका साथै नेकाको पनि ठुलो हार हुने छ । चुनावमा गठबन्धन पक्षको हारको अर्थ हो, देशमा प्रतिगमनको विजय ।

अहिले प्रतिगमनका विरुद्ध भएका शक्तिहरूको गठबन्धनका कारणले नै एमालेले एक पछि अर्को धक्का खाँदै आउनु परेको छ । त्यस सिलसिलामा उनीहरूलाई अर्को धक्का राष्ट्रिय सभाको चुनावमा पुग्ने छ । स्वयम् ओलीले पनि आफ्नो त्यस प्रकारको हार हुने कुरालाई स्वीकार गरेका छन् र उनले यो पनि भनेका छन् । राष्ट्रिय सभामा उनीहरूको हार अन्तिम धक्का हुने छ । तर यदि गठबन्धनमा फुट भयो भने ओलीको त्यो भनाइ सत्य नै साबित हुने छ ।

सामान्यतः संसदीय चुनावको दृष्टिकोणले कुनै चुनावमा कुन पार्टीको जित हुन्छ वा हार ? त्यो कुराले कुनै खास अर्थ राख्दैन । चुनावमा कसैको जीत हुने छ र कसैको हार । चुनावमा त्यस्तो प्रायः भइरहन्छ । चुनावमा एउटा दलको जीत र अर्को चुनावमा प्रतिपक्ष सत्तामा आउन सक्दछ । तर अहिलेको नेपालको विशिष्ट राजनीतिक अवस्थामा कुरा त्यो भन्दा बेग्लै र गम्भीर छ । ओलीको सम्पूर्ण कार्यप्रणालीमाथि विचार गर्दा यो कुरामा कुनै शङ्का रहन्न कि आम चुनावमा उनीहरूको जित भयो भने त्यो सत्तामा सामान्य प्रकारको हेरफेर मात्र हुने छैन । त्यसको परिणामस्वरूप देश प्रतिगमनतिर नै जानेछ ।

ओलीले २-२ पल्ट संसदको विघटन गरे र अहिले पनि त्यसलाई अवरुद्ध गरिरहेका छन् । अहिले सत्ताबाट हटेपछि ओलीले संसद वा सरकारलाई चल्न नदिने नीति अपनाएको देखिन्छ । त्यसका पछाडि उनको यो सोचाइले काम गरेको हुन सक्दछ, उनी सत्ताबाट हटेमा अरु कुनै पनि सरकारलाई काम गर्न नदिने । अहिले उनले एकीकृत समाजवादीका १४ जना सांसदहरूको विवादलाई मुख्य मुद्दा बनाएका छन् । तर त्यो कारणले संसदलाई चल्न नदिने कुरामा कुनै अर्थ छैन । एकीकृत समाजवादीलाई निर्वाचन आयोगले मान्यता दिइसकेको छ । त्यसमा उनीहरुको विरोध भए कानूनी कारवाही चलाउन सक्दछन् । त्यो मुद्दा अहिले सर्वोच्च अदालतमा पनि छ । त्यसबारे अन्तिम फैसला अदालतले नै दिने छ । त्यो अवस्थामा १४ जना सांसदहरुको प्रश्न उठाएर संसदलाई चल्न नदिने कार्यमा कुनै औचित्यता छैन । अहिले उनको मुख्य जोड चुनावमा जानेतिर नै छ । चुनावमा उनले बहुमत प्राप्त गरे भने देश प्रतिगमनतिर नै जानेछ । उनले दाबी गरे जस्तो उनीहरूलाई दुईतिहाई बहुमत प्राप्त भयो भने उनीहरूले स्वेच्छाचारी प्रकारले संविधानमा संशोधन गर्ने छन् । त्यो अवस्थामा उनीहरूले लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता समेतमाथि आक्रमण गरे भने त्यो आश्चर्यको कुरा हुने छैन । ओलीले १०८ किलो सुन चढाएर पशुपतिनाथमा गरेको पूजा र चितवनमा राममन्दिर बनाएर गरेको पूजामाथि ध्यान दिँदा उनी वास्तवमा धर्मनिरपेक्षताका विरुद्ध र हिन्दु राष्ट्रका पक्षमा भएको कुरा बुझ्न गाह्रो पर्दैन । हिन्दु राष्ट्रको अवधारणाले हिन्दु राजातिर नै बाटो सोझ्याउँछ ।त्यसरी उनको सोचाइ प्रतिगामी भएको हुनाले नै राजावादीहरूले उनलाई स्वागत गरिरहेका छन् । भारतका कट्टर हिन्दूवादी शासक वर्गले पनि हिन्दु राष्ट्रको उद्देश्य पूरा गर्नको लागि उनलाई बल दिने काम गरिरहेका छन् । यसरी उनलाई चुनावमा बहुमत वा दुईतिहाई बहुमत प्राप्त भएमा देश प्रतिगमनतिर जाने कुरा निश्चित छ ।

कुरा त्यो भन्दा गम्भीर छ । उनको नेतृत्वमा देश अधिनायकवाद वा फाशिष्ट शासनतिर पनि जाने खतरा छ । उनको कार्यशैलीमाथि सरसरी प्रकारले मात्र विचार गर्ने हो भने त्यो स्वेच्छाचारी र अधिनायकवादी प्रकारको भएको कुरा बुझ्न गाह्रो पर्दैन । उनको पूर्व सङ्गठन नेकपामा मतभेदहरू देखा पर्दा उनले बहुमतका निर्णयहरू नमान्ने अभिव्यक्ति दिएको आम रूपमा थाहा भएको कुरा हो । त्यो बेलाको केन्द्रीय कमिटीमा अल्पमतमा परेपछि उनले जबरजस्तीपूर्वक आफ्नो नेतृत्वलाई कायम राख्ने प्रयत्न गरेका थिए । संसदमा आफ्ना विरुद्ध अविश्वासको प्रस्ताव आउन थालेपछि उनले त्यसमाथि प्रजातान्त्रिक तरिकाले छलफल चलाएर निष्कर्षमा पुर्‍याउनुको सट्टा राष्ट्रपतिद्वारा संसदलाई नै विघटन गर्न लगाएका थिए । संसदको पुनर्स्थापनापछि उनले त्यसलाई विजनेशविहिन बनाएर पंगु बनाउने र त्यसरी आफ्नो संसदको विघटनको कार्यलाई सही प्रमाणित गर्ने प्रयत्न गरेका थिए । त्यो संसदको पुनर्स्थापना भएपछि उनले नैतिक रूपले राजीनामा दिनु पर्दथ्यो, तर उनले त्यसो गरेनन् । संसदका बहुमत सदस्यहरूले राष्ट्रपति कहाँ उनका विरुद्ध आवेदन दिएपछि उनी अल्पमतमा परेको कुरा प्रस्ट भइसकेको थियो । तैपनि राष्ट्रपतिद्वारा उनले आफूलाई नै प्रधानमन्त्री नियुक्त गर्न लगाए र त्यही राति संसदको विघटन गर्न लगाए । दोश्रोपल्ट संसदको पुनर्स्थापना भएपछि उनले त्यसलाई अवरुद्ध गर्ने काम गरिरहेका छन् ।


माथिका केही उदाहरणहरूबाट उनको अधिनायकवादी चरित्र भएको कुरामा कुनै शङ्का रहन्न । त्यसैले चुनावमा उनले बहुमत वा दुईतिहाई बहुमत प्राप्त गरे भने देश प्रतिगमनका साथै अधिनायकवादतिर जाने कुरा स्पष्ट छ । त्यसरी आज देशका अगाडि प्रतिगमनका साथै अधिनायकवादको पनि खतरा पैदा भएको छ । तिनीहरूलाई रोक्नु अहिलेको राष्ट्रिय आवश्यकता भएको छ र त्यो कार्य खाली पाँचदलीय गठबन्धनले नै गर्न सक्दछ र गर्नु पनि पर्दछ । यदि बाह्य आक्रमण वा आन्तरिक अन्तर्विरोधका कारणले गठबन्धन टुट्छ भने त्यो प्रतिगमन वा अधिनायकवादलाई मार्ग प्रशस्त गरिदिनु नै हुने छ ।

# यस्ता छन् ओमिक्रोन संक्रमितमा देखिन सक्ने २० लक्षण

नेपालमा कोरोना संक्रमितको संख्या दैनिक बढ्दै गइरहेको छ। ओमिक्रोन भेरियन्ट र डेल्टा दुवै भेरियन्टका संक्रमित भेटिएका छन्। तर पछिल्लो केही दिनयता ओमिक्रोन भेरियन्टका संक्रमितको संख्या ह्वात्तै बढ्दै गएको छ।

कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट यसअघिको डेल्टा भेरियन्टभन्दा बढी संक्रामक रहेको बताइएको छ। ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मक रुपमा फैलिने बताइएको छ।

ओमिक्रोनले पार्ने असरका बारेमा थप अध्ययन अनुसन्धान भइरहेको उनको भनाइ छ। पछिल्लो एक हप्तामा कोरोना सङ्क्रमण विश्वभर एक करोडमा पुष्टि भएको छ। यति धेरै सङ्क्रमण हुनुको कारण ओमिक्रोन भेरियन्ट नै रहेको विश्व स्वास्थ्य सङ्गठनले



जनाएको छ।

ओमिक्रोनले कोरोना खोप लगाएका-नलगाएका दुवैलाई सङ्क्रमण हुन सक्दछ। संक्रमित भएकामध्ये खोप नलगाएकालाई धेरै गाह्रो बनाउन सक्ने अहिलेसम्मको अध्ययनले देखाएको छ। खोप नलगाएका व्यक्तिको ज्यान जाने पनि खतरासमेत रहेको छ।

ओमिक्रोन भेरियन्टले मानिसमा बढी हाच्छ्युँ आउने, हल्का ज्वरो आउने, धेरै रुघा लाग्ने जस्तो लक्षण देखिने गर्दछ। घाँटी खसखस हुने, चिलाउने र श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण पनि देखिएका छन्।

बेलायतमा भएको एक अध्ययनले ओमिक्रोन संक्रमितमा विभिन्न २० वटा लक्षण देखिएको पत्ता लगाएको छ। यी लक्षण एकै व्यक्तिमा सबै लाग्ने नभएर ओमिक्रोन संक्रमितहरुमा देखिएका लक्षणहरु हुन्। अध्ययनले संक्रमितहरुमा देखिएका लक्षणहरु संकलन गर्ने क्रममा निम्न २० लक्षण देखिएको जनाएको छ।

१. टाउको दुख्ने
२. नाकबाट पानी बग्ने
३. थकाइ
४. हाच्छ्युँ
५. घाँटी खसखस हुने
६. खोकी लाग्ने
७. कर्कश आवाज
८. जाडो लाग्ने वा शरीर काँप्ने
९. ज्वरो
१०. रिंगटा लाग्ने
११. मस्तिस्कमा सामान्य असर। जस्तै केही कुरा भुल्ने, एकाग्र नहुने।
१२. सुँघ्ने क्षमतामा फरक
१३. आँखामा दुखाइ
१४. मांशपेशीमा दुखाइ
१५. छाती दुख्ने
१६. भोक नलाग्ने
१७. स्वाद हराउने
१८. कमजोरी
१९. श्वासप्रस्वासमा समस्या
२०. छालामा डबर तथा दाग देखिने

बच्ने उपाय

यसबाट बच्नका लागि कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाउनाका साथै जनस्वास्थ्य मापदण्ड अर्थात भीडभाड नगर्ने, सेनिटाइजरको प्रयोग र हात साबुनपानीले पटक पटक धुनु पर्दछ। सही तरिकाले मास्कको प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्नुपर्दछ।

# सडेको दुई शव बरामद

*विराटनगर (प्रस) ।* मोरङको केराबारीमा १२ दिनदेखि हराइरहेका एक जना युवकको शव चारकोसे जंगलमा भेटिएको छ । केराबारी गाउँपालिका-८ का २६ वर्षीय बाबुराम भट्टराईको शव सडेर दुर्गन्धित भएको अवस्थामा ढलेको रुखको जराभित्र फेला परेको हो।

प्रहरीका अनुसार खोर्साने-केराबारी सडक खण्डको आमजुंगी विश्वकर्मा मन्दिरदेखि झन्डै २ किलोमिटर पूर्व र देवीझोडा जाने भित्री सडकदेखि उत्तरतर्फको चारकोसे जंगलमा ढलेको रुखको जराभित्र शव भेटिएपछि भट्टराईको हत्या भएको आशंका गरिएको छ । आफन्त र परिवारका सदस्यले हत्या गरेर शव रुखको जराभित्र लुकाएर राखिएको हुनसक्ने बताउँदै घटनाको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कारबाही हुनुपर्ने माग राखेका छन्। भट्टराई गत पुस २७ गतेदेखि हराइरहेका थिए। परिवारबाट सम्पर्कविहीन बनेका उनको शव सडेर दुर्गन्धित भएको अवस्थामा भेटिएपछि घटनाको अनुसन्धानका लागि विशेष टोली परिचालन गरिएको मोरङ प्रहरी प्रमुख एसपी जनार्दन जीसीले बताए।

उनका अनुसार शवलाई पोस्टमार्टमका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगेर विभिन्न कोणबाट घटनाको अनुसन्धान थालिएको छ।

गाईवस्तु चराउन गएका केराबारी-८ का रामबहादुर खत्री र मनोरथ कोइरालाले कुहिएर दुर्गन्ध फैलिएको अवस्थामा आइतबार दिउँसो



शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। अनुहार पनि नचिनिने गरी सडेको शवको आफन्त र परिवारका सदस्यमार्फत पहिचान भएको प्रहरीले जनाएको छ।

स्थानीयका अनुसार भट्टराई केराबारी-भोगटेनी-रामपुर चल्ने सार्वजनिक बसमा सहचालकको काम गर्थे। घरबाट मच्छिन्द्र मेला हेर्न भनेर गएका उनी एकाएक सम्पर्कविहीन बनेपछि परिवारले इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिएको थियो। उजुरी दिए पनि प्रहरीले खोजतलासमा चासो नदिएको गुनासो आफन्तको छ। मच्छिन्द्र मेला पुस २३ गतेदेखि २९ गतेसम्म लागेको थियो।

प्रहरीका अनुसार मेला भर्न गएका स्थानीयले भट्टराईलाई पुष २८ गतेसम्म मेलामै देखेको बताएका छन्। स्थानीयले मेलामा केही युवाहरुसँग भट्टराईको विवादसमेत भएको प्रहरीलाई बताएका छन्। त्यसक्रममा उनको हत्या गरेर शव चारकोसे जंगलको रुखको जराभित्र लुकाइएको हुनसक्ने प्रहरीको आशंका छ । 'शव सडेर केही पनि नचिनिने अवस्थामा भेटिएका कारण हत्या हो कि हैन भनेर यकिन गर्न गाह्रो भइरहेको छ', प्रहरी स्रोतले भन्यो, 'पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि र अनुसन्धानपछि घटनाका बारेमा थप कुरा पत्ता लाग्ने छ।' लामो समयदेखि बेपत्ता भएका युवकको खोजीमा प्रहरीले चासो नदिएको र पटकपटक गुनासो गर्दा पनि सुनुवाइ नगरेको भन्दै स्थानीयले शव उठाउन केहीबेर अवरोधसमेत गरेका थिए।

प्रहरीले घटनाका बारेमा अनुसन्धान अघि बढाएर चाँडै सत्यतथ्य पत्ता लगाउने प्रतिवद्धता जनाएपछि स्थानीय शव उठाएर पोस्टमार्टमका लागि लैजान दिन राजी भएका हुन्। स्थानीय जनप्रतिनिधिको रोहबरमा प्रहरीले घटनास्थलबाट शव उठाएर पोस्टमार्टमका लागि धरान लगेको हो।

त्यस्तै तीन सातादेखि सम्पर्कविहीन धनकुटा नगरपालिका-४ छारागाँउकी ५२ वर्षीया सीता श्रेष्ठको शव घरभित्र पुरेको अवस्थामा फेला परेको छ ।

गत पुष १६ गतेदेखि सम्पर्कविहीन उनको शव हत्या गरी पुरेको अवस्थामा घरभित्र सोमबार फेला परेको छ। भुइँतलामा पुरेको अवस्थामा फेला परेको उनको शरीरमा चोट रहेको र शव गलेको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुरज कार्कीले जानकारी दिए। सीता हराएको भनेर पुष २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको कार्कीले जानकारी दिए।

उजुरीपछि प्रहरीले कुकुर परिचालन गरेर खोजतलास गरेपनि फेला पार्न सकेको थिएन। लामो समयसम्म घटनाको विषयमा प्रहरीले केही पत्ता लगाउन नसक्दा प्रहरी चुकेको स्थानीयको आरोप थियो।

सीताको हत्या घरायसी विवादको क्रममा उनका श्रीमान ५२ वर्षीय सीताराम भनिने सीताकुमार श्रेष्ठले गरेको खुल्न आएको डिएसपी कार्कीले बताए। श्रीमतीको हत्या गरी घरभित्र शव पुरेर फरार रहेका सीतारामलाई आइतबार ललितपुरबाट पक्राउ गरी धनकुटा ल्याइएको प्रहरीले जनाएको छ।

घटनाको थप अनुसन्धान गरी कर्तव्य ज्यान शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ताको तयारी गरेको प्रहरीले जनाएको छ। शव पोष्टमार्टमका लागि सोमबार नै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाएको जिल्ला प्रहरी कार्यलय धनकुटाले जनाएको छ।

# कोशी पुलदेखि मेची पुलसम्म सिसी क्यामेरा

*झापा (प्रस) ।* प्रदेश नं १ सरकारले कोशी पुलदेखि मेची पुलसम्म र विराटनगरको रानीदेखि धरानसम्म सिसी क्यामेरा जडान गर्ने भएको छ । प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै शान्ति सुरक्षालाई ध्यानमा राखी ती स्थानका मुख्य राजमार्ग क्षेत्रमा सिसी क्यामेरा जडान गर्न लागिएको जानकारी दिए । उनले भने ,'सिसी क्यामेरा जडान गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । शान्ति सुरक्षामा प्रविधिको अत्यधिक प्रयोगबाट अपराध नियन्त्रण गरिने छ ।' शान्ति सुरक्षाको दृष्टिकोणमा सरकार नागरिकसँगै छ भन्ने अनुभूति गर्नका लागि वैज्ञानिक ढङ्गले काम गरिरहेको उनले बताए । उनले भने,' प्रदेशको राजधानीलाई हामीले प्रविधिमैत्री निगरानीमा राख्ने गरी हामीले काम गरिरहेका छौं ।' प्रदेश सरकारले १४ जिल्लामा गरिब, असक्त, महिला आदिलाई लक्षित गरेर निःशुल्क कानुनी सहायता केन्द्र स्थापना गर्ने जानकारी दिँदै उनले आन्तरिक मामिला तथा कानुन मन्त्रालय हो भनेर देखिने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री कार्कीले केही महिनाभित्रै प्रदेशका अदालत तथा बारलाई प्रदेश सरकारले निर्माण गरेको ऐन कानुन उपलब्ध गराउने जानकारी दिए ।

# लागूऔषधसहित एकजना पक्राउ

झापा,माघ १० । मोरङको रतुवामाई नगरपालिका-८ डाँडागाउँका ४५ बर्षीय कृष्ण राई लागूऔषध गाँजासहित पक्राउ परेका छन् ।

आइतबार दिउँसो पौने १ बजे बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको गस्ती टोलीले राईको घरमा खानतलासी गर्ने क्रममा कोठाभित्र लुकाई छिपाई राखेको ५ के.जी. ३९० ग्राम लागूऔषध गाँजा बरामद गरेको हो । बरामद गरिएको गाँजा र राईलाई ईलाका प्रहरी कार्यालय सिजुवाले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



# स्थापना दिवसमा संस्थापक सदस्यहरुलाई सम्मान

*बिर्तामोड (प्रस) ।* वीरता लेडी जेसीजले स्थापना दिवसको अवसरमा संस्थापक सदस्यहरुलाई सम्मान गरेको छ । सन् २००४ मा झापाको बिर्तामोडमा वीरता जेसीजको मातृत्वमा स्थापना भएको वीरता लेडी जेसीजले १८ औं स्थापना दिवसको अवसरमा वीरता लेडी जेसीजका ३७ जना संस्थापक सदस्यहरुलाई सम्मान गरेको हो ।

वीरता लेडी जेसीजले संस्था स्थापना र



सञ्चालनका सुरुवाती संघर्षपूर्ण दिनहरुमा संस्थालाई गर्भावस्थादेखि किशोर अवस्थासम्म ल्याईपुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै पहिलो पटक संस्थापक सदस्यहरुलाई सम्मान गरिएको वीरता लेडी जेसीजकी अध्यक्ष संगीता चिमरियाले बताइन् ।

संस्थापक सदस्यहरुले नै गर्दा वीरता लेडी जेसीज झापाको अग्रणी महिला संस्थाको रुपमा परिचित रहेको बताउँदै उनले संस्थापक सदस्यहरुको योगदानलाई संधै स्मरणीय बनाउन उनीहरुलाई सम्मान गरिएको जानकारी दिइन् ।

वीरता लेडी जेसीजकी अध्यक्ष चिमरियाको अध्यक्षता तथा वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहसचिव अर्चना खड्का राउतले स्वागत गरेकी थिइन् भने श्रेयसी चौधरीले मिसन भिजन वाचन गरेकी थिइन् ।

उपाध्यक्ष पूजा काफ्ले खरेलले आस्था वाचन गरेको कार्यक्रममा कानूनी सल्लाहकार

❖ बाँकी अन्तिम पृष्ठमा

ठाकुर पोलिक्लिनिक
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा
+977-23-590008 9817964771

| | | |
|---|---|---|
| डा. पिताम्बर ठाकुर<br>MBBS.MD (TU) NMC 1914<br>Cheif Consultant Physician<br>Ex Superintendent Mechi Zonal Hospital<br>समय: दैनिक बिहान ११-२ बजे सम्म, दिउँसो ४ बजे पछि | डा. शम्भु नवल<br>MBBS.MS. (TU/IOM)<br>Gold Medalist NMC 6724<br>Consultant General Leproscopic & Uro- Surgeon<br>समय: दैनिक बिहान ७-९ बजे सम्म | डा. अरूण फुयाल<br>MBBS.MD (KUSMS) NMC 18337<br>Radiologist & Imaging<br>समय: दैनिक बिहान ७-९ बजे सम्म, साँझ ५ बजे पछि |
| डा. लोभराज लोहनी<br>Fellowship Of Rheumatologist<br>(AIIMS, New Delhi) NMC 11300<br>MD Internal Medicine<br>(NAMS, Bir Hospital Kathmandu)<br>समय: प्रत्येक दिन बिहान ७-९ बजे सम्म, साँझ ५-६ बजे | डा. केशव ढकाल<br>MBBS.MD. (BPKIHS)<br>Dermatologist NMC 2910<br>बरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ<br>समय: प्रत्येक दिन २ बजे पछि | डा. विवेक रौनियार<br>MBBS.MD (Neuro Physician) NMC<br>बरिष्ठ ढाड, टाउको तथा नशारोग विशेषज्ञ<br>समय: प्रत्येक शनिवार मध्यान्न १२ बजे पछि |
| डा. केशव मण्डल<br>MBBS. (BPKIHS) MD (TU) NMC 13303<br>नवजात शिशु तथा बाल रोग विशेषज्ञ<br>समय: दैनिक बिहान ८-१० बजे र साँझ ५ बजे पछि | डा. शशांकराज पोखरेल<br>MBBS. MD (Psychiatry) BPKIHS, DHARAN<br>वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ<br>समय: दैनिक साँझ ५ बजे पछि | डा. धिरज गिरी<br>MBBS. MD (ENT)<br>वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ<br>समय: दैनिक सेवा |

यहाँ भिडियो एक्सरे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी, ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको साथै अनुभवी डाक्टरहरूद्वारा उपचार सेवा उपलब्ध छ ।

# नोबेलमा आन्दोलनरत ४ विद्यार्थी नेता घाइते

*बिराटनगर (प्रस) ।* नोबेल मेडिकल शिक्षण अस्पतालमा आन्दोलनरत चार विद्यार्थी नेता घाइते भएका छन्। कलेज अगाडि सिटी जुलुस प्रदर्शन गर्ने क्रममा कलेजका सुरक्षा गार्ड र विद्यार्थी बीच भिडन्त हुँदा चार जना विद्यार्थी नेता घाइते भएका हुन्।

कलेजले एमबिबिएसमा भर्ना भएका नयाँ विद्यार्थीसँग अतिरिक्त शुल्क लिएको विषयमा आन्दोलनरत विद्यार्थी संगठनहरूले सोमबार पनि आन्दोलन जारी राखेका थिए ।

घाइते हुनेहरूमा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य ताजिम अन्सारी, टेकेन क्षेत्री, दिपेन्द्र मेहता, अखिल (क्रान्तिकारी) मोरङका जिल्ला सहसचिव उमेश सेन्चुरी छन्।

कलेजले विद्यार्थीबाट अतिरिक्त शुल्क असुल्न खोजेको भन्दै लामो समयदेखि विभिन्न पाँच विद्यार्थी संगठनले आन्दोलन गर्दै आइरहेका छन् । उनीहरूले दुई साता अगाडिदेखि नोबेलको प्रशासन फाँटमा अनिश्चितकालिन तालाबन्दी गरेपनि कामकाज निर्बाध रूपमा संचालन हुने गरेको पाएपछि काम रोक्नुपर्ने भन्दै विद्यार्थी नेता नोबेल प्रशासनभित्र प्रवेश गर्दा सुरक्षा गार्ड र विद्यार्थी बीच भिडन्त भएको अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य अन्सारीले बताए।

उनका अनुसार घाइते विद्यार्थीको हात र आँखामा चोट लागेको छ । सुरक्षामा खटिएका तीन जना प्रहरी पनि घाइते रहेको मोरङ प्रहरीले जनाएको छ । विद्यार्थी संगठनहरूलाई जिल्ला प्रशासन कार्यालय मोरङले आइतबार पत्राचार गरेर आन्दोलन स्थगन गर्न निर्देशन दिएको थियो।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले कोरोनाको ओमिक्रोन भेरियन्ट समुदायस्तरमा फैलिसकेको अवस्थामा आन्दोलन गर्दा संक्रमण फैलिने जोखिम बढेकाले स्थगित गर्न निर्देशन दिएको बताए ।

प्रजिअ दाहालले पठाएको पत्रमा नोबेल मेडिकल कलेजले चिकित्सा शिक्षा आयोगले तोकेकोभन्दा बढी शुल्कको विषयमा अनुसन्धान गरी कानुन बमोजिम कारबाहीको प्रक्रिया अघि बढिसकेकोले पनि आन्दोलनको औचित्य नभएको भनिएको छ।

जिल्ला प्रशासन कार्यालय मोरङले एक साताभित्र अनुसन्धान गरेर विद्यार्थीसँग अतिरिक्त शुल्क लिएको पाइए कलेज सञ्चालकलाई कारबाहीको दायरामा ल्याउने जनाएको छ।

चिकित्सा शिक्षा आयोगले तोकेको शुल्क बाहेकको काठमाडौं विश्वविद्यालयको रजिष्ट्रेशन शुल्क २५ हजार, एफिलेसन शुल्क ९८ हजार ५७९, परीक्षा शुल्क ११ हजार र नेपाल मेडिकल काउन्सिल रजिष्ट्रेशन शुल्क वापत ५ हजार र एक वर्षको होस्टेल शुल्क १ लाख २३ हजार कलेजले असुलिरहेको पीडित विद्यार्थीहरूको दावी छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०




मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यहीं हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** — वैदेशिक व्यापारमा लाभ मिल्नेछ । धार्मीक कार्यमा मन लाग्नेछ ।

**वृष** — मन चञ्चल रहनेछ । अध्ययनमा बाधा हुनेछ ।

**मिथुन** — पारिवारिक झमेला रहनेछ । आय आर्जनमा अवरोध आउनेछ ।

**कर्कट** — मङगलिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ ।

**सिंह** — राजनैतिक कार्यमा सफलता मिल्नेछ । धर्मकर्ममा आस्था बढ्नेछ ।

**कन्या** — परिवारिक सदस्यको स्वस्थमा नयाँ योजना बन्नेछन् । मनमा चिन्तम बढ्नेछ ।

**तुला** — प्रशाासनिय कार्यमा महत्वपूर्ण लाभ मिल्ने देखिन्छ । मान्यजन बाट आधर पाईनेछ ।

**वृश्चिक** — कार्यमा उत्साह र विश्वास बढ्नेछ । सन्तानसुख प्राप्त हुनेछ ।

**धनु** — साझपख समय सुख रहनेछ । परिवारिक सहयोग मिल्नेछ ।

**मकर** — वैचारिक सदभाव बढ्नेछ । रोकिएका काम बन्लान् ।

**कुम्भ** — धर्मकर्ममा मन लमग्ने छैन । भूमि वाहानको व्यवसायमा लाभ मिल्नेछ ।

**मिन** — यात्रा लाभदायक हुनेछ । मुहारमा मालिन्ता छाउनेछ ।